# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर


मिति २०८३-०५-११
ने.स ११४६

## राष्ट्रिय समावेशी आयोगको अपिल

मिति २०८३ भाद्र १० गते विहान भोटेकोशी र त्रिशुली नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाहरूमा ठूलोसंख्यामा जनधनको क्षति भएको अवस्था छ । स्थानीय नागरिकहरू, राष्ट्रसेवक कर्मचारीहरू, नेपाली तथा विदेशी पर्यटकहरू, जलविद्युत आयोजनामा कार्यरत कर्मचारी तथा श्रमिकहरू र यातायात मजदुरहरू मृत्यु तथा घाइते भएका, कैयौं वेपत्ता भई सम्पर्क विहिन भएका, पुलपुलेसा लगायतका भौतिक संरचनाहरूमा व्यापक क्षति भएको घटनाप्रति राष्ट्रिय समावेशी आयोग गहिरो दुःख प्रकट गर्दछ। आयोग सो घटनामा परी मृत्यु हुनेहरूमा हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

विपदको यस कठिन घडीमा जोखिममा रहेका व्यक्तिहरूको उद्धार, वेपत्ता भएकाहरूको खोज तलास तथा उद्धार गर्नुका साथै राहत र पुनःस्थापनाको कार्यमा आ-आफ्नो स्थानबाट योगदान तथा सहयोग गर्न तीनै तहको सरकार, राजनैतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, नागरिक समाज, सुरक्षाकर्मी लगायत आम नागरिकहरूमा आयोग हार्दिक अपिल गर्दछ।

हरिदत्त जोशी
कार्यवाहक अध्यक्ष
राष्ट्रिय समावेशी आयोग